रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी

५ नम्बर प्रदेश, नेपाल

फोन नं. ०७९-५२०१५०
फोन/फ्याक्स नं: ५२०४५७

E-mail:resungamunicipality2071@gmail.com
web site: www.resungamun.gov.np

प.सं. ०७४/०७५ (स्वास्थ्य शाखा)

चलानी नं. Ref.No ९३९५

मिति/Date:२०७४/०९/१२

रासन सिवा सम्बन्धी सिलबन्दि दरभाउ पत्रको सूचना

प्रथमपटक प्रकाशित मिति २०७४/०९/१२

यस रेसुङ्गा नगरपालिका अन्तर्गत तम्घास जिल्ला अस्पताल गुल्मीमा उपचारको लागि भर्ना हुने विरामीहरूको लागि २०७४ साल माघ १ गते देखी २०७५ साल पौष मसान्त सम्म रासन खुवाउन ईच्छुक इजाजत प्राप्त नेपाली फर्म, संस्था वा कम्पनीबाट निम्न बमोजिमको शर्तमा रहि सिलबन्दि दरभाउ पत्र पेश गर्न यसै सूचनाद्धारा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

१. आ.व २०७३/७४ को करचुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र तथा फर्म नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रेसुङ्गा नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट दरभाउ पत्र फाराम खरीद गर्न सकिने छ ।

२. दरभाउ पत्र सूचना पत्रिकामा प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे यस नगरपालिकामा आई दर्ता गराउनु पर्ने छ र सोही दिन दिनको २ बजे यस नगरपालिकामा दरभाउ पत्र दाताको रोहवरमा खोलिने छ तर दरभाउपत्र दाता उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । समयमा दर्ता नभएको वा अन्य कुनै सर्त सहितको दरभाउपत्र मान्य हुने छैन ।

३. दरभाउ पत्र दाताले दररेट अंक अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक केरमेट गरेको भएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको हुनेछ ।

५. एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मको नाममा दर्ता हुने छैन ।

६. दरभाउपत्रको साथमा दरभाउपत्रदाताले कालोसूचिमा नपरेको र काम गर्न योग्य भएको स्वघोषणापत्र समावेश गर्नुपर्नेछ ।

७. दरभाउ पत्र फाराम रू ३००/– तिरी यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

८. दरभाउ पत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको भोली पल्ट वा लगत्तै कार्यालय खोलेको दिन सोहि समयमा हुने छ र सूचनामा कुनै त्रुटि भएको पाईएमा कार्यालयले सूचना सच्याउन सक्नेछ ।

९. दरभाउ पत्र दाताले जमानत वापतको निम्न अनुसारको नगद रकम यसकार्यालयको रा.बा.बैंक गुल्मी स्थित धरौटी खाता नं ३०१०३०३००७१०२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त क वर्ग बाणिज्य बैंकको ७५ दिन समय अवधि भएको बिडबण्ड पेश गर्नुपर्नेछ ।

बोलपत्रको विवरण निम्न छ ।

क्रम	विवरण	ल.इ.गुआकरकन्टिजेनसी बाहेक	जमानत वापतको रकम	दरभाउपत्रको मुल्य
१	राशन आपुर्तिको कार्य	७१९९८९।८८	२५०००/–	३००/

१०. अन्य कुराको जानकारीका लागि समयमा सम्पर्क गर्न सकिने छ ।

११. सूचनामा उल्लेख भएको बाहेक अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

२०७४/०९/१२

मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत